


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १ गते मंगलबार ❑ 17 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्री पोखरेल र अर्थमन्त्री बराल मनाङको बाढी प्रभावित क्षेत्रमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र अर्थमन्त्री रामजी प्रसाद बराल जीवन मनाङको बाढी र पहिरो प्रभावित क्षेत्रमा पुगेका छन्।

सोमबार हेलिकोप्टर मार्फत मुख्यमन्त्री पोखरेल र अर्थ मन्त्री बराल सहितको टोली मनाङको बाढी तथा पहिरो प्रभावित क्षेत्र नार्सों गाउँपालिको वडा नम्बर १ ताल र वडा नम्बर ३ को धारापानी क्षेत्रको अवलोकन गरेका थिए।



मुख्यमन्त्री पोखरेलले बाढी र पहिरो प्रभावित क्षेत्रको आवश्यकताको आधारमा जनताको आधारभूत आवश्यकता उपलब्ध गराउन सहयोग गर्ने जनाए । प्रारम्भिक चरणमा बाढी तथा पहिरो प्रभावितहरुलाई केही न केही राहत दिने आफुहरुको योजना रहेको मुख्यमन्त्री पोखरेलले बताए।

अर्थ मन्त्री बरालले बाढी र पहिरो प्रभावितहरुको पहिचान गरी तत्काल र दृर्घकालिन रुपमा उनीहरुको आधारभूत आवश्यकता पुरा गर्न सरकार कटिवद्ध भएको बताए । उक्त क्षेत्र प्रायःजसो बगरको रुपमा परिणत भएकोले अस्थायी बसोबास प्रभावितहरुलाई खान बस्नको मुख्य समस्या रहेको मन्त्री बरालले जनाए । पानीको वहावले अझै पनि केही घरमा प्रभाव पारेकोले उक्त क्षेत्रमा हाल बसोबास गर्न सक्ने अबस्था नभएको स्थानियदले गुनासो गरेका थिए। टोलीमा सांसद चिन्ता बहादुर घले, माओबादी केन्द्रका नेता अर्जुन लामा सहितको टोली सहभागि भएको थियो । नासो गाउँपालिका धारापानी, मनाङमा गत असार १ गते परेको अविरल बर्षादले मर्स्याङ्दी नदी र दुधखोलामा आएको बाढीका कारण गाँउका ९ वटै वडाहरु प्रभावित भएको नार्सों गाउँपालिका अध्यक्ष चन्द्र घलेले बताए । बिषेशगरी वडा नम्बर १ ताल र वडा नम्बर ३ को धारापानीमा ८५ घर परिवार हाल पनि खुल्ला आकासमा बस्नुपर्ने बाध्यत भएको उनले गुनासो गरे । साथै बाढीले स्थानियको घरबास नै डुवान बनाएको छ भने खेतियोग्य जमिन समेत बगाएको केही भाग कटान गरेको मुल सडक र झोलुङ्गे पुल बगाएको, गोरेटोबाटो अबरुद्ध, संचार सेवा र बिद्युत सेवा समेत प्रभावित भएको स्थानियले गुनासो गरे।

## भूमि आयोग फिर्ता गर्न माग गर्दै पोखरामा हस्ताक्षर संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ साउन**

नेपाल सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोग खारेज गर्ने निर्णय फिर्ता गराउन माग गर्दै आज पोखरामा हस्ताक्षर संकलन अभियान सञ्चालन भएको छ।



अखिल नेपाल किसान महासंघ कास्कीद्वारा जिल्ला प्रशासन कार्यालय अघि सहिदचोकस्थित चौतारामा हस्ताक्षर अभियान सञ्चालन गरेको हो।

बर्षौंदेखि खनजोत एवम् उपयोग गर्दै आएका किसान, पुस्तौदेखि एक आना जग्गा पनि नभएका सुकुम्वासीलाई जग्गाको मालिक बनाउने लक्ष्यका साथ काम गरिरहेको आयोग खारेजको विरोधमा हस्ताक्षर संकलनमा गरिएको किसान महासंघ कास्कीका अध्यक्ष रघुनाथ भण्डारीले जानकारी दिए। उहाँका अनुसार अखिल नेपाल किसान महासंघ केन्द्रीय सदस्यहरू टीका अधिकारी, चुडामणि बराल, शिवजी कोइराला र देवेन्द्रराज शर्मा, भूमि समस्या समाधान आयोगका विज्ञ सुशीला पराजुली, भूमि अधिकार मञ्च कास्कीका अध्यक्ष प्रेमबहादुर गुरुङ सहितको टोलीले प्रधानमन्त्री समक्ष पुऱ्याउनका लागि कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौडेललाई संकलित हस्ताक्षर बुझाएको हो।

हस्ताक्षर बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले हस्ताक्षर सम्बन्धित निकायमा पुऱ्याइने बताए । हस्ताक्षर संकलन कार्यक्रममा भूमिहिन, सुकुम्वासी तथा किसानहरूको ठूलो सहभागिता रहेको थियो। सो अवसरमा ११ हजार भन्दा बढीको हस्ताक्षर संकलन गरेर बुझाइएको भण्डारीले बताए।

## दुर्घटना न्यूनीकरण अभियानलाई तीव्रता

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ साउन**

जिल्ला प्रहरी कार्यालय कास्की र जिल्ला ट्राफिक प्रहरी कास्कीले दुर्घटना न्यूनीकरण अभियानलाई तीव्रता दिएका छन् । संयुक्त प्रयासमा सवारी साधनको स्वरुप परिवर्तन गर्ने, लेन अनुशासन पालना नगर्ने, 'जिकज्याक' बाइक कुदाउनेका विरूद्ध प्रहरीले विशेष निगरानी बढाएको हो।

त्यस्तै ग्रामीण भेगमा सञ्चालित सवारीसाधनको अवस्थाबारे जानकारी लिने र सवारी साधनलाई राम्रो अवस्थामा राखेर मात्रै यात्रुलाई सेवा दिन अनुरोध गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख अमृतबहादुर बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो दुई दिनमा २६ वटा दुई पाङ्ग्रे सवारी साधनलाई नियन्त्रणमा लिई कारवाही गरिएको छ। मोटरसाइकलकोस्वरूप परिवर्तन गरी चलाउने, गाउँ टोल नै थर्कने गरी आवाज निकाल्ने, जथाभावी र लेन अनुशासन विपरीत सवार ीसाधन चलाउने सातवटा बुलेट, ११ वटा क्रसफायर र अन्य आठवटा मोटरसाइकललाई नियन्त्रणमा लिई कारवाही गरिएको उहाँले जानकारी दिनुभयो। सवारी नियम उल्लङ्घन गर्ने विरूद्ध अभियानकै रूपमा कारवाही गरिएको बताउँदै उहाँले पछिल्ला दुई महिनायता यस्तो कार्य अन्तर्गत करिब दुई सयको हाराहारीमा मोटरसाइकल कारवाहीमा परिसकेको जानकारी दिनुभयो। बन्दाबन्दी खुकुलो भएसँगै पोखरामाबढ्दोचापरघुमफिरमावृद्धि भएको छ। सवारी साधनकोस्वरुप परिवर्तन (मोडिफाई) पश्चात् दुर्घटनाको दरमा वृद्धि हुने र ठूला मोटरसाइकलको चर्को आवाजले समुदायमा नकारात्मक असर पर्ने गरेको प्रहरीले जनाएको छ। ट्राफिक प्रहरीले दैनिक अन्य सवारी नियम उल्लङ्घन गर्ने करिब १२० सवारी साधनलाई कारवाही गर्दै आइरहेको छ। जसमध्ये मापसे गरी सवारीसाधन चलाउने, जथाभावी सवारीसाधन पार्किङ गर्ने, सार्वजनिक सवार ीसाधनले जथाभावी यात्रु चढाउने र उकाल्ने जस्ता सवारी साधनलाई कारवाही गरिएको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय कास्की र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको संयुक्त प्रयासमा बन्दाबन्दी पश्चात् सम्पूर्ण सवारीसाधन सञ्चालनमा आएसँगै कोभिड- १९को जोखिमबाट बच्न एक हप्ते स्वास्थ्य सचेतना अभियान साउन १७ गते देखि २३ गतेसम्म सञ्चालन गरेको थियो । उक्त अवधिमा १० हजार भन्दा बढी यात्रु चालक र सहचालकलाई सचेत गराइएको थियो भने नौ हजार भन्दा बढी सचेतनामूलक पर्चा वितरण गरिएको थियो । उक्त अभियानमा महानगरको मुख्य सडक, चोकका साथै ग्रामीण भेगमा समेत सचेतना अभियान सञ्चालन गरी मास्कसमेत वितरण गरिएको थियो।

त्यस्तै ध्वनि प्रदूषणले नकारात्मक असर पर्ने र स्वास्थमासमेत असर पर्ने भन्दै 'नो हर्न पोखरा' अभियान नै सञ्चालनमा ल्याइएको छ । अभियान अन्तर्गत पहिलो चरणमा ट्राफिक प्रहरीले स्टिकर टाँस्ने र सम्झाउने गर्नेछ । पोखरा महानगरपालिकाले ध्वनि प्रदूषणलाई मध्यनजर राखि २०७४ सालबाटै पोखरा महानगरलाई हर्न निषेधित क्षेत्र घोषणा गरिएको थियो। हर्न निषेधित क्षेत्र भए पनि सवारी चालकले जथाभावी हर्न बजाएको पाइएपछि जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीले जथाभावी हर्न बजाउने कार्यलाई रोक लगाउन सुरू गरेको हो। अनावश्यक रुपमा सवारी साधनले पोखरामा हर्न बजाएको फेला परेमा ट्राफिकको नियम अनुसार पाँच सयदेखि १५ सयसम्म जरिवाना गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख बस्नेतले बताउनुभयो।

## पोउवा संघमा कार्यसमिति सदस्य बलरामको श्रद्धाञ्जली सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ साउन**

पोखरा उद्योग वाणिज्य संघले कार्यसमितिका सदस्य बलराम तिमिल्सिनाको निधनमा शोक व्यक्त गरेको छ।



तिमिल्सिनाको १३ औं दिनको पुण्यतिथिमा सोमबार आयोजित कार्यक्रममा संघका अध्यक्ष, पदाधिकारी तथा कार्यसमितिका सदस्यहरुले स्वर्गीय बलरामप्रति श्रद्धाञ्जली व्यक्त गरिएको संघका महासचिव सुरेन्द्रमान विजुक्छेले जानकारी दिए। पोखरा-१२, उपकार मार्गमा २०२९ साल साउन १३ गते जन्मेका तिमिल्सिनाको कोभिड संक्रमणबाट मुक्त भएपनि पछिल्लो उपचारको क्रममा साउन २० गते निधन भएको थियो। उनी पोउवा संघमा बस्तुगत सदस्यको रुपमा प्रतिनिधित्व गर्थे । श्रद्धाञ्जली सभामा बोल्दै संघका अध्यक्ष नारायण कोइरालाले हरेक दिन अशुभ समाचार सुन्नुपर्ने त्रासका बीच बाँच्नुपरेको दुखेसो गरे।

उद्योगी/व्यवसायीहरुलाई खोप उपलब्ध गराउन निरन्तर पहल गरिएको स्मरण गर्दै उनले संघकै पहलमा सदस्यहरुलाई सीमित मात्रामा खोप लगाउन सकिएकोमा चाहिँ सन्तोष व्यक्त गरे । बाँकी सदस्यहरुलाई खोप दिलाउन निरन्तर प्रयत्न गरिने उनको भनाई थियो । उनको जीवनीबारे चर्चा गर्दै संघका कार्यसमिति सदस्य बालकृष्ण कोइरालाले एक असल व्यवसायी र संघका कर्मठ सिपाही गुमाउँदा असह्य पीडा भएको बताए । पोखरा भाँडा व्यवसायी संघका अध्यक्ष नरेन्द्रप्रसाद आचायले असल व्यक्तिको निधनबाट समाजमा अपुरणीय क्षति पुगेको बताए।

## अफगानिस्तान रहेका १३४ नेपाली सरकारको सम्पर्कमा

**रासस**
**काठमाडौं, ३२ साउन**

अफगानिस्तानको पछिल्लो घटनापछि त्यहाँ रहेका १३४ नेपालीले आफूहरूलाई उद्धार गरिदिन आग्रह गरेका छन् । परराष्ट्र मन्त्रालयका अनुसार आज साँझसम्म ती नेपाली सम्पर्कमा आई उद्धारका लागि आग्रह गरेका हुन् । परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालका अनुसार अफगानिस्तानमा रहेका नेपाली र यहाँ रहेका उनका परिवारले उद्धारका लागि सम्पर्क गरेका हुन्।

सरकारले अफगानिस्तानमा विकसित पछिल्लो घटनाक्रमका कारण त्यहाँ रहेका नेपालीको वस्तुगत अवस्था पत्ता लगाउनका लागि आइतबार एक कार्यदल गठन गरेको थियो। परराष्ट्र मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित कार्यदलमा अर्थ, गृह, श्रम तथा रोजगार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल प्रहरी, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र कन्सुलर सेवा विभागका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका सदस्य रहेका छन् । अफगानिस्तानमा रहेका नेपालीको अवस्थाबारे जानकारी आउने क्रम बढेको र उचित परिस्थिति बनेपछि उनीहरूका उद्धारका हुने प्रवक्ता लम्सालले जानकारी दिनुभयो। उहाँले संयुक्त राष्ट्रसङ्घ, अमेरिका, बेलायत, क्यानडा, जर्मनी, युरोपेली सङ्घ, जापानलगायत देशलाई आफ्नो नागरिक उद्धार गर्दा नेपालीको पनि उद्धार गरिदिन पत्राचार गरिएको बताउनुभयो। संयुक्त राष्ट्रसङ्घलाई फोन र पत्रमार्फत पनि नेपालीको उद्धारका लागि अनुरोध गरिएको प्रवक्ता लम्सालले उल्लेख गर्नुभयो । रोजगारीका सिलसिलामा अफगानिस्तानमा रहेका नेपालीको वस्तुगत अवस्था यकिन गरी आवश्यक समन्वय तथा उद्धारका लागि मुख्यसचिव शङ्करदास बैरागीको कार्यकक्षमा आइतबार अन्तर मन्त्रालयको बैठकले कार्यदल गठन गरेको थियो । उद्धार प्रयोजनका लागि अफगानिस्तानमा रहेका नेपाली नागरिकको विवरण सङ्कलनका लागि कन्सुलर सेवा विभागको वेबसाइटमा अनलाइन दर्ता गर्ने व्यवस्था गरिएको छ। अनलाइनमा आफ्नो नामसहितको विवरण उल्लेख गरी दर्ता गर्न सम्बन्धित व्यक्ति वा परिवारलाई आग्रह गरिएको छ। यस्तै सरकारले काबुलस्थित विभिन्न मुलुकका कूटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थामा कार्यरत नेपालीको तत्काल उद्धार गरी सुरक्षित स्थानमा राख्न र स्वदेश फर्काउन विशेष पहल गरिरहेको छ। अफगानिस्तनमा विकसित पछिल्लो घटनाक्रम तथा अवस्थाबारे नयाँ दिल्लीस्थित नेपाली नियोगबाट ट्राभल एड्भाइजरी जारी गरिएको छ । आवश्यक सहयोगका लागि दूतावासको विभिन्न फोन तथा अन्य सम्पर्क नम्बरसमेत उपलब्ध गराइएको छ। त्यस्तै अफगानिस्तानमा वैदेशिक रोजगारीका लागि पठाउने म्यानपावर कम्पनीले त्यहाँ कार्यरत नेपालीको विवरण तथा उद्धार कार्यका लागि भरपर्दो सूचना एवम् तथ्याङ्क उपलब्ध गराउनसमेत आग्रह गरिसकिएको छ । यस्तै, कार्यदलको आजका बैठकले तोकिएका फोन नम्बरमा आफ्नो विवरण टिपाउन सम्बन्धित व्यक्ति तथा परिवारलाई अनुरोध गरेको छ। अफगानिस्तानमा कार्यरत नेपालीले सामाजिक सञ्जालको प्रयोग गरेर आपसमा सुरक्षास्थिति तथा उद्धारसम्बन्धी सूचना आदानप्रदान गर्ने र सार्वजनिक भएका नम्बरमार्फत जानकारी उपलब्ध गराउन अनुरोध गरेको छ।

उद्धारको प्रक्रिया सुरु भई स्वदेश आउने क्रममा रहेका नेपालीको नेपाल आगमनपश्चात् गर्ने कोभिड-१९ को परीक्षण तथा क्वारेन्टिनलगायत कार्यको सहजताका लागि आवश्यक समन्वय गरी व्यवस्था मिलाउने निर्णय भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । गृहमन्त्री बालकृष्ण खाँणले आजै सरकारका विभिन्न निकायको पदाधिकारी सम्मिलित बैठकमा अफगानिस्तानमा रहेका नेपालीको उद्धार सम्बन्धमा आवश्यक निर्देशन दिनुभएको थियो।



# तरकारी र दुधमा आत्मनिर्भर बनाउदै सहकारी

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ३२ साउन



सहकारी भन्ने वित्तिकै नाफामुलक हुन् भन्ने सन्देश पछिल्लो समय निकै छ। सहकारीले सहकार्यका आधारमा आफ्ना शेयर सदस्यको आर्थिक स्तरोन्नती गर्नुपर्ने हो। तर धमाधम खोलीएका सहकारीहरु शेयर सदस्यको आर्थिक स्तरोन्नती भन्दा पनि नाफामुलक ढंगले संचालन भइरहेका छन्। यसले सहकारीहरु शेयर सदस्यको समाजिक, आर्थिक र सहकार्यतामा खासै चासो नदिएको पाइरहेका बेला दुई बर्ष अगाडी स्थापना गरिएको सहकारीले आफ्ना शेयर सदस्यलाई तरकारी र दुधमा आत्मनिर्भर बनाउने अभियान शुरु गरेको छ।

अकला नमुना साना किसान सहकारीले आफ्ना शेयर सदस्यलाई तरकारी खेती र दुधमा आत्मनिर्भर बनाउन अभियान शुरु गरेको हो। नमुना साना किसान र अकला कृषि सहकारीबाट छुट्टाछुट्टै कार्य सञ्चालन गर्दै आएका दुई सहकारी मर्जर भएपछि यो अभियानलाई शुरुवात गरेको छ। वालिङ नगरपालिका र गल्याङ् नगरपालिकाका केही वडाहरुका किसानलाई सहकारीमा आवद्ध बनाएर उनीहरुको आर्थिक उपार्जनमा टेवा पुग्ने खालका कार्यक्रम गर्दै आएको सहकारीका अध्यक्ष पुण्यप्रसाद अर्यालले बताए। सहकारीमा दखल रहेका अर्याल स्याङ्जा जिल्लाका सहकारी अभियान्ता पनि हुन्। उनले सहकारी नाफामुलक भन्दा पनि सेवामुलक हुनुपर्ने धारणा व्यक्त गर्दै आएका थिए। अर्यालले सहकारीको नेतृत्व लिएपछि अहिले सहकारीमा आवद्ध भएका किसानहरुलाई समुहगत उनीहरुको आर्थिक स्तरोन्नतीका लागि कार्यक्रम अगाडी ल्याएका छन्। तरकारीमा आत्मनिर्भर बनाउन सहकारीले २ हजार किसानलाई मौसमी अनुसारको गुणस्तरीय विऊ विजन वितरण गरेको जनाएको छ।

तरकारी र भैसी पालनमा व्यवसाय वालिङ र गल्याङ्मा सफल हुने देखिएपछि सहकारीले दुध र तरकारी खेती लगाउन किसानलाई अभिप्रेरित गरेको छ। किसानले लगाएको तरकारी र दुधको बिक्रिका लागि बजारको व्यवस्था समेत सहकारीले जिम्मेवारी लिने भएपछि किसानहरु दुवै व्यवसायमा आर्कशित बनेका छन्। सहकारी आफैले दुधडेरी संचालन गर्दै किसानको दुध खरिद गरिदिएको छ। भैसी र गाई पालन गर्ने किसानको पुश विमा देखि उनीहरुले उत्पादन गरेको दुध खरिद गरिदिने व्यवस्था मिलाएको सहकारीका कर्जा प्रमुख लक्ष्मी रेमीले बताईन्। उनका अनुसार दुधडेरीमा दुध विक्रि गरे बापत पाउने ४ लाख १६ हजार रकम समेत किसानले अनुदान पाइसकेका छन्।

कर्जा प्रमुख रेग्मीका अनुसार अहिले सम्म किसानलाई कागती, अदुवा र घाँसको विऊ समेत वितरण गरेको बताईन्। हामीले सहकारीका शेयर सदस्यलाई विऊ विजन वितरण मात्रै गरेका छैनौ उनले भनिन्, 'किसानलाई चाहिने सिपमुलक तालिम,आवश्यक सुझाव उपलब्ध गराएका छौं।' कतिपय किसानलाई सरकारबाट आउने अनुदानको प्रक्रियामा समेत पुलको काम पनि गरेका छौं उनले भनिन्। सहकारीले अहिले सम्म ३ करोड २५ लाख किसानलाई सस्तो व्याजदरमा लगानी गरेको जनाएको छ। सहकारीले आफ्ना शेयर सदस्यलाई आत्मनिर्भर बनाउने अभियान सुरु गर्ने हो भने रोजगारी माध्यमहरु बढ्न सक्ने स्थानीयहरु बताउछन्। सहकारीहरु आफ्नो सिद्धान्तमा अडिग नहुँदा सहकारी नाफामुलकमा जोडबल गरेको देखिन्छ।

# चीनको नानिङशहरबाट पोखरा महानगरलाई २० लाख बराबरको स्वास्थ्य सामग्री

पोखरापत्र संवाददाता
पोखरा, ३२ साउन



पोखरा महानगरपालिकाको भगिनीसम्बन्धरहेकोचीनकोनानिङ शहरले पोखरा महानगरपालिका २० लाख बराबरको स्वास्थ्य सामग्री प्रदान गरेको छ।

पोखरा पर्यटन परिषद् र चाइना ओभरसिज एशोसिएशनको समन्वयमा ल्याइएको उक्त सामग्रीलाई सोमबार महानगर परिसरमा परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले उपप्रमुख मञ्जुदेवी गुरुङलाई हस्तान्तरण गर्नुभयो। उपप्रमुख गुरुङले पोखरा महानगरले १३ वटा अन्तराष्ट्रिय सम्बन्धमध्ये ९ वटा चीनका विभिन्न शहरसँग भएको जानकारी दिनुभयो। २०७४ पौष २६ गते पोखरा महानगर र चीनकोनानिङ शहर बीच भगिनी सम्बन्ध रहेको उल्लेख गर्दै प्राप्त सामग्रीले महामारी रोकथाम र नियन्त्रणमा निकै सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले नानिङ शहरका मेयरलाई धन्यावादपत्र पठाउँदै कोरोना सहज पछि पोखरा भम्रणको आमन्त्रण गरिने बताउनुभयो। महामारी नियन्त्रणमा सबैको साथ र सहयोग आवश्यक रहेको जनाउँदै प्राप्त सामग्रीलाई आवश्यकताको आधारमा अस्पतालहरुलाई वितरण गर्ने जानकारी दिनुभयो। परिषद्का अध्यक्ष भट्टराईले उक्त शहरचीनको नमुनाशहर भएको उल्लेख गर्दै भगिनी सम्बन्ध स्थापित शहरको साथ र सहयोगले आगामी दिनमा पर्यटन प्रर्वद्धनमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। महामारीको कठिन समयमा २० लाख बराबरको स्वास्थ्य सामग्री प्रदान गरेर मैत्रीपूर्ण सम्बन्धलाई प्रगाढ गराएको उहाँको भनाइ थियो। उहाँका अनुसार स्वास्थ्य सामग्री अन्तर्गत ५ वटा अक्सिजन कन्सन्टेटर मेशिन, मेडिकल मास्क बीस हजार पिस, पिपिइ सेट पाँच सय पिस, मेडिकल पञ्जा पाँच हजार पिस गरी २० लाख बराबरको स्वास्थ्य सामग्री प्राप्त भएको जानकारी दिनुभयो। रेवानका उपाध्यक्ष नरेश भट्टराईले चीनका विभिन्न शहरसँग भएको भगिनि सम्बन्धले दुई देशबीचको सम्बन्धलाई प्रगाढ बनाएको जनाउँदै कोराना रोकथाम र नियन्त्रणमा प्राप्त स्वास्थ्य सामग्रीले उपचारमा सहजहुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा चाइना ओभरसिज एसोसियशनका अध्यक्ष चाङ र सचिव साङ सावो (सन्देश), पोखरा महानगरका विभिन्न वडाका वडा अध्यक्षहरुको सहभागिता रहेको थियो।

# मानव सेवा आश्रममा सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३२ साउन



नेपाल रेडक्रस सोसाइटी पोखरा -१० उपशाखाको सक्रियतामा तनहु तिन दोभान समाज युकेका अध्यक्ष दुर्गा प्रसाद श्रेष्ठ र श्रीमती अग्नी माया श्रेष्ठद्वारा एक छाक खाना बराबरको रकम पोखरा महा नगर पालिका १७ छोरेपाटन स्थित मानव सेवा आश्रम मा रहेका असहायहरूका लागि लाग्ने रकम हस्तान्तर गऱ्यो।

उक्त कार्यक्रममा वडा नं १० का वडा सदस्य एवं नेपाल रेडक्रस सोसाइटी उपशाखा १० का सभापति सम्मर बहादुर श्रेष्ठले सहारा बिहिन जेष्ठ नागरिकहरूका साथै बेसहारा अभिभावकबिहिन, सुस्त मनस्थितिलाई आस्रित दिई मानव सेवा आश्रमले सबैको अभिभावकत्व प्रदान गरेको बताए। शारीरिक तथा मानसिक रूपमा अस्वस्थ भई खुला आकासमुनि रात बिताउन विवश घरवार बिहिन असहाय, बेसहारा जिवननै जोखिममा रहेका नागरिकलाई राज्यले जिम्मा लिनुपर्नेमा राज्यको भुमिकालाई आश्रमले सहयोग गरेको बताए।

घर परिवारमा जानि नजानी गरिएका सानातिना कमिकमजोरी बाट कुनैपनि ब्याक्ति आश्रममा आउन र बस्न नपर्ने ब्यावस्था राज्यले मिलाउनु पर्ने बताउनु हुदै वडा नं १० ले हरेक बर्ष गर्दै आएको सहयोग पनि अलि कम भएको महसुस गर्नुभयो। उक्त मानब सेवा आश्रममा आश्रित असहायहरूलाई एक छाक खाना खुवाउन सहयोग हस्तान्तर कार्यक्रममा तिन दोभान तनहु समाज यूकेका अध्यक्ष दुर्गा प्रसाद श्रेष्ठ, श्रीमती अग्नी माया श्रेष्ठबाट २२ हजार ५ सय र समाजसेबी बिन प्रसाद गुरुङले थप सहयोग १ हजार ५० सहयोग आश्रमका सह- संयोजक सम्झना बास्तोला लाई हस्तान्तर गरिएको उक्त कार्यक्रममा सडक मानव देखि घरबार विहीनलाई आश्रमले आश्रय दिएको र सेवामा लागीपरेको हेर्न पाउदा एक तर्फ दुख र अर्को तर्फ सेवाको भावनामा लागिपरेको देख्दा हामीले गरेको सहयोग खासै नभएको बताउनु हुदै आफू यूके फर्केसी संस्थाका साथीहरूसंग सल्लाहा गरि सहयोग गर्ने बताउनुहुदै आश्रमको प्रगतिको कामना गर्नुभयो।

कार्यक्रममा उपशाखा १० का बिपत ब्यबस्थापन उपसमितिका संयोजक टुकाराम लामिछाने, उपशाखाका सदस्य एवं समाज सेबी बिन प्रसाद गुरुङ र सदस्य हिरा देबी श्रेष्ठ लगायतका ब्यक्तिहरूको उपस्थितिमा सहयोग हस्तान्तर कार्यक्रममा मानव सेवा आश्रम पोखरा १७ का सदस्य सदिश पुनले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# प्रहरीद्वारा विद्यार्थी लक्षित सचेतना

पोखरापत्र संवाददाता
पोखरा, ३२ साउन

लागुऔषध दुर्व्यसनी, साइबर, बालबालिका विरुद्धका अपराधको न्यूनीकरण गर्ने ध्येयले जिल्ला प्रहरी कार्यालय कास्कीले विभिन्न विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गरेको छ।

प्रहरी विद्यालय सम्पर्क कार्यक्रमअन्तर्गत जिल्लाका सात विद्यालयमा कक्षा ८ देखि १२ सम्म अध्ययतरत ८५० छात्रछात्रालाई भर्चुअल माध्ययमबाट सचेतना कार्यक्रम सम्पन्न गरेको हो।

विगतमा भएका घटनाको विश्लेषणका आधारमा ती अपराधमा अधिकांश पीडक एवं पीडित युवा रहेको हुँदा उनीहरुलाई लक्षित गरी कार्यक्रम आयोजना गरिएको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रवक्ता प्रहरी निरीक्षक दिपक केसीले जानकारी दिनुभयो। पोखरा महानगरपालिका- ३ नदीपुरस्थित न्युग्यालेक्सी एकेडेमी कक्षा १२ मा अध्ययनरत १०० विद्यार्थीका लागि जिप्रकाका प्रमुख प्रहरी उपरीक्षक रमेश थापा र प्रवक्ता केसीले उक्त विषयमा प्रशिक्षण दिनुभएको थियो।





## आवश्यकता

पोखरा-१४, चाउथेमा अवस्थित विद्यालयको लागि Basic Level Maths Teacher आवश्यकता परेको हुदाँ योग्य व्यक्तिले तु:सम्पर्क राख्नुहोला।

सम्पर्क:
०६१-५०१०५७
९८५६०७९१००

## घर भाडामा

भूपी मार्ग २ अर्चलबोट पोखरा बागलुङ हाई वे बाट ५० मिटर दुरीमा रहेको घर आवा स एवं सहकारी संचालनका लागि उपयुक्त भाडामा छ।




सम्पर्क नं.
९८४६१५४०७७

## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सदन छल्ने काम नगर

केपी शर्मा ओली नेतृत्वको सरकारले संसद छलेर अध्यादेशको भरमा शासन चलाउन खोजेको भन्दै चर्को विरोध गर्ने दलहरू संसद छल्दै छन । ओलीले गरेको गल्ती नगर्ने वाचासहित बनेको शेरबहादुर देउवा नेतृत्वको सरकारले एक महिनामा भ्रम तोडेको छ । केपी शर्मा ओली नेतृत्वको सरकारले पौष देखि अध्यादेश मार्फत् शासन गरेको आरोप लगाउँदै पाँच दलीय गठबन्धनले देउवा नेतृत्वको सरकार बनाएको थियो । प्रतिनिधिसभाको जन्मदाता ठान्ने गठबन्धन सरकार पनि संसदलाई पन्छाएर अध्यादेशबाटै शासन गर्ने बाटोमा अघि बढेको छ। प्रतिनिधिसभालाई कुनै विधेयक दिन नसकेर पंगु बनाएको थियो । हरेक मुद्दा संसद्मा छलफल गरेर जाने वाचा भुक्याउनका लागि थियो भन्ने स्पष्ट हुँदै गएको छ। सरकारले संसद पुनःस्थापनापछि दोस्रोपटक क्रियाशील भएको संसदको अधिवेशन सोमबार २९ दिनमै अन्त्य गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले संसदको आठौं अधिवशेन सोमबार राति १२ बजेदेखि लागू हुने गरी अन्त्य गर्न राष्ट्रपतिलाई सिफारिस गरेको छ। त्यसैअनुसार राष्ट्रपति कार्यालयले पठाएको पत्र वाचन गरेर सभामुख अग्नि सापकोटाले प्रतिनिधिसभाको बैठक स्थगन गरेका छन्।

हरेक जोड कोड मिलाएर पुनःस्थापित भएको संसदको अधिवेशन हठात अन्त्य गर्नुको औचित्य पुष्टि गर्न सरकारले सक्ने देखिँदैन। बरु एमालेका वरिष्ठ नेता माधवकुमार नेपाललाई दल विभाजन गर्न सजिलो हुने गरी अध्यादेश ल्याउन संसदको अधिवेशन हठात अन्त्य गरिएको चर्चा छासत्ता गठबन्धनका नेताहरूको अभिब्यक्ति र पार्टीका बैठकमा एक्लै ओलीको दलसंग लड्न सकिदैन भन्ने भनाइले एमाले विभाजनको डिजाइन अनुसार गतिविधि भएको त होइन भन्ने आशंका बढेको छ। बाहिर चर्चा भए जस्तै संसद अधिवेशन अन्त्य गरेलगत्तै राजनीतिक दलसम्बन्धी अध्यादेश आयो भने यो सरकारमाथि स्वभाविक रुपमा औंला उठ्ने छ। यही अध्यादेश ओली सरकारले ल्याउँदा कांग्रेसलगायत सत्तारुढ गठबन्धनमा सहभागी अधिकांश दल र नेताले त्यसको तीव्र विरोध गरेका थिए। अध्यादेश ल्याएर दल विभाजन गर्न खोजेको भन्दै यसलाई अनैतिक, असंवैधानिक र अराजनीतिक भनी टिप्पणी गरेका थिए । हिजो गरेको विरोध आाज सहि देखाउन खोज्नु द्वैध चरित्र हो । ओली सरकारभन्दा हरेक दृष्टिमा राम्रो काम गर्ने भनेर आएको देउवा सरकारले अहिले त्यहीं दल विभाजन गर्ने अध्यादेश ल्याउँदा त्यसको औचित्य पुष्टि कसरी होला ? यो कसरी नैतिक, संवैधानिक र राजनीतिक ठहरिएला ? ओलीले गर्दा त्यही बेठिक हुने अनि देउवाले गर्दा त्यो कसरी ठीक होला ?

अरुको दल विभाजन गरेर आफ्नो सरकार बनाउने-जोगाउने यो कदमको देउवा र गठबन्धनमा सहभागी नेताहरुले कसरी बचाउ गर्लान ? स्वयं देउवा र गठबन्धनका नेताहरुले ओलीलाई प्रतिनिधिसभाको विघटन गरेर जनप्रतिनिधिको सर्वोच्च थलोको हत्या गरेको र संसद पुनःस्थापना भएपछि पनि बिजनेस नदिएको आरोप लगाएका थिए । सर्वोच्च अदालतको २८ असारको फैसलापछि ३ साउनमा बैठक शुरु भएयताका २९ दिनमा प्रतिनिधिसभाका जम्मा १० वटा बैठक मात्रै बसे। १० वटा बैठकमा पनि देउवाले विश्वासको मत लिने र पहिलो बैठकमा पेस गर्ने पर्ने प्रावधानअनुसार केही अध्यादेशहरु पेस मात्र गरिए। सातौं अधिवेशनमा दर्ता भएको 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७' विधेयक सरकारले फिर्ता लियो। प्रतिनिधिसभाको चालु अधिवेशनमा कुनै पनि नयाँ विधेयक दर्ता भएनन्। त्यस्तै कुनै पनि विधेयक पारित भएनन्।

यसबाट देउवा सरकारले पनि संसदलाई बिजनेश नदिएको देखिन्छ। पारित हुनैपर्ने बजेटसम्बन्धी अध्यादेशको अवस्था अन्योलमै छाडेर अधिवेशन अन्त्य गरिएको छ। आर्थिक अध्यादेश, २०७८, राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ र विनियोजन अध्यादेश २०७८ गरी तीनवटा अध्यादेश पेस भएका थिए। यसलाई पारित नगर्दा बजेटमाथि नै संवैधानिक प्रश्न उठ्ने अवस्था छ। संसद बैठकमा अध्यादेश पेस गरेको ६० दिनमा पारित नगरे निस्क्रिय हुने कानूनी प्रवाधान छ। अर्को अधिवेशन कहिले बोलाइन्छ भन्ने टुंगो नभएकाले बजेटसम्बन्धी अध्यादेश निस्क्रिय हुने खतरा छ। अध्योदश निस्क्रिय भएपछि त्यसैबाट आएको बजेटमै प्रश्न उठ्ने छ। प्रतिष्ठापन अध्यादेश ल्याएर त्यसलाई टार्ने विकल्प मात्रै सरकारसँग छ। असमयमै संसद अधिवेशन अन्त्य गर्ने र दल विभाजन गर्न अध्यादेश ल्याउने ओली कदमको व्यापक आलोचना भएको थियो। अहिले देउवाले त्यहीं बाटो पच्छ्याउँदै छन्। एमालेलाई कमजोर बनाउन खनेको खाडलमा अरु पनि पर्न सक्छन। दललाई कमजोर बनाएर लोकतन्त्र बलियो हुन सक्दैन। देशका समस्या हल गर्न सबै दल मिलेर जानुपर्ने बेला लोकतान्त्रिक दलहरू बीचमा तिक्तता ल्याउने काम देशकै लागि अहित हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : कार्यमा सफलता |
| वृष | : मन चञ्चल | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शत्रुको भय |
| कर्कट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# हाइकिङमार्फत जोडिँदै गलेम भिर

– वासुदेव पौडेल
गण्डकी, ३२ साउन (रासस)

स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका-४ स्थित गलेम भिरलाई हाइकिङमार्फत जोड्ने प्रयास थालिएको छ। धार्मिक एवं पर्यटकीय महत्वको गलेम भिरलाई पदयात्रा पर्यटनसँग जोड्दै एक दिवसीय हाइकिङको गन्तव्य बनाउने सोचका साथ बृहत् फेदीखोला पोखरा समाजको समन्वयमा हाइकर्स क्लब नेपालले उक्त क्षेत्रको प्रवर्द्धनात्मक हाइकिङ सम्पन्न गरेको छ।

गलेम भिरसँगै गलेम गाउँ र यससँग जोडिएका प्रकृति र संस्कृतिका विविध पक्षलाई एक साथ समेट्दै अघि बढाउने र यस क्षेत्रलाई एक दिवसीय हाइकिङको गन्तव्य बनाउने सोच राखिएको हाइकर्स क्लब नेपालका उपाध्यक्ष कृष्ण रानाभाटले जानकारी दिनुभयो । "गलेम भिर यस क्षेत्रका स्थानीयवासीको धार्मिक आस्था एवं विश्वाससँग जोडिएको ठाउँ पनि हो", उहाँले भन्नुभयो, "स्याङ्जा बजारका साथै पोखराबाट आउने पर्यटकलाई एक दिनको हाइकिङ गराउँदै यहाँका प्रकृति र संस्कृतिका विविध पक्ष एकसाथ अवलोकन गराउन सकिन्छ ।" हाइकिङको सुरुआत हुने स्थल आरुखर्क बजारबाट पदयात्री ढुङ्गे देउराली हुँदै गलेम भिर भएर गलेम गाउँसम्म पुग्दछन्। आरुखर्कबाट दृश्यावलोकन गर्दै गलेम गाउँसम्म पुग्न झण्डै दुई घण्टा लाग्दछ। गाउँबाट करिब आधा घण्टाको दूरीमा मनोरम काल्से झरना रहेको बृहत् फेदीखोला सम्पर्क समाजका उपाध्यक्ष कृष्ण क्षेत्रीले जानकारी दिनुभयो। हाइकिङ मार्गमा पर्ने ढुङ्गे देउराली चौताराको छुट्टै धार्मिक महत्व छ। यस मार्ग हुँदै आवतजावत गर्नेले यात्रामा कुनै समस्या नआओस्, यात्रा सुखद् होस् भन्दै ढुङ्गा चढाएर हिँड्ने प्रचलन अहिले पनि कायमै छ। हाइकर्स क्लब नेपालका सदस्य टीका आचार्यका अनुसार गण्डकी प्रदेशभित्रका पर्यटकीय सम्भावनायुक्त गाउँलाई क्लबले हाइकिङका माध्यमबाट प्रवर्द्धन र विकास गर्दै आएको छ।

'स्वास्थ र पर्यटनका लागि हाइकिङ' भन्ने नाराका साथ क्लबले प्रत्येक महिनाको अन्तिम शनिबार गर्दै आएको हाइकिङको १९ औं शृङ्खला यस पटक आरुखर्क बजार-गलेम भिर हुँदै गलेम गाउँसम्म गरिएको उहाँले जानकारी दिनुभयो। विगत दुई वर्षदेखि गण्डकी प्रदेशका नयाँ नयाँ गन्तव्यमा क्लबले हाइकिङ सञ्चालन गर्दै आएको जानकारी दिँदै आचार्यले कोभिड महामारीले केही समय हाइकिङ स्थगित गर्नुपरेको बताउनुभयो।

"कोभिड महामारीका बीच पछिल्लो समय खोप लगाउने क्रम पनि बढ्दै गएको र क्लबका प्रायः सदस्यले खोप लगाइसक्नुभएको छ", उहाँले भन्नुभयो, "आगामी दिनमा स्वास्थ्य सुरक्षा मापदण्ड पूर्णरूपमा पालना गर्दै क्रमशः हाइकिङका गतिविधि अघि बढाउने सोचमा छौं ।" हाइकिङको १९ औं शृङ्खला स्वास्थ्य मापदण्ड पालनासहित स्यानिटाइजर, मास्क आदिको प्रयोगसहित सम्पन्न गरिएको उहाँले जानकारी दिनुभयो।

फेदीखोला गाउँपालिका-४ का वडाध्यक्ष माधव सुवेदीका अनुसार आरुखर्कस्थित ऐतिहासिक शाहवंशीय दरबार, गलेम भिर आदि यहाँका पर्यटकीय गन्तव्य हुन् । यस क्षेत्रको विकासलाई लक्षित गरी दरबारको भग्नावशेषको संरक्षणका साथै यहाँका पर्यटकीयस्थलको प्रवर्द्धन, सर्केटारी आरुखर्क हुँदै पञ्चासे जाने बाटो कालेपत्रे गर्ने काम भइरहेको छ । फेदीखोला गाउँपालिका-१ सर्केटारी हुँदै गलेम-पञ्चासे सडकखण्डको भिरखण्ड दुई दशमलव छ किलोमिटर दूरीमा रहेको र सोही स्थानमा पार्क तथा वनभोजस्थल बन्न लागेको स्थानीय युवा पर्यटन व्यवसायी अशोक लामिछानेले जानकारी दिनुभयो। यस क्षेत्रमा रहेका पर्यटकीय सम्भावनालाई उजागर गर्न आवश्यक रहेको उल्लेख गर्दै उहाँले दृश्यावलोकन, हाइकिङका साथै अन्य पर्यटकीय गतिविधि पनि बढाउन सकिने बताउनुभयो।

बृहत् फेदीखोला पोखरा सम्पर्क समाजका अध्यक्ष अविलास गुरुङले आरुखर्कस्थित शाहवंशीय राजाको दरबार रहेको क्षेत्र, शिवालय मन्दिर, आरुखर्क बजार, ढुङ्गे देउराली चौतारी, गलेमको भिर, भिरमा निर्माणाधीन पार्क, गलेम गाउँ आदिलाई समेट्दै यहाँको पर्यटकीय विकास गर्न सकिने सम्भावना रहेको बताउनुभयो। पर्यटकीय सम्भावनालाई उजागर गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारको साथ र सहयोगका साथै स्थानीयवासीको जागरुकता अपरिहार्य हुने उहाँले बताउनुभयो।

# २१६ जनालाई रोजगारी, २१ योजना सम्पन्न

पोखरापत्र संवाददाता
दमौली, ३२ साउन

तनहुँको बन्दीपुर गाउँपालिकामा आर्थिक वर्ष ०७७/७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत २१ योजना सम्पन्न भएका छन्।

सो कार्यक्रममार्फत् २१६ ले रोजगारी पाएको कार्यक्रम संयोजक शरणसिं गुरुङले जानकारी दिनुभयो। तीमध्ये १०५ महिला र १११ पुरुष छन् । साइकल लेन, खानेपानी संरक्षण, सिँढीबाटो मर्मत, पोखरी निर्माण, आमा समूह भवन निर्माण, पक्की नाला, चौतारा मर्मतलगायतका काम गरिएको थियो । कार्यक्रमका लागि रु ७६ लाख ७४ हजार अनुदान प्राप्त भएकामा रु ३४ लाख नौ हजार ३५६ खर्च भएको छ। गाउँपालिकाले सो कार्यक्रमसँगै गाउँपालिका अध्यक्षसँग रोजगार कार्यक्रमसमेत सञ्चालन गरेको थियो। यसका लागि रु २१ लाख ८० हजार विनियोजन गरिएकामा रु १९ लाख ९७ हजार ४७४ खर्च भएको छ।

कार्यक्रममार्फत मुकुन्देश्वरी रामकोट साइकल लेन मर्मत तथा निर्माणका लागि १५ ले रोजगारी पाएका छन् । उक्त कामबाट एक हजार ६०६ मिटर लम्बाइ लेन निर्माण गरिएको छ। जुमडाँडा खानेपानी संरक्षण तथा मर्मतका लागि छ जनाले रोजगारी पाएकामा १४.२ घनमिटरको ढुङ्गाको गारो र १७ मी तारबार गरिएको छ।

पीपलथोकबाट खोरियापानी पधेँरा जाने बाटोका लागि १० ले रोजगारी पाएकामा १०१ मी ढुङ्गा छाप्ने काम सम्पन्न भएको छ । लखनबारीदेखि पँधेरा जाने सिँढीबाटो मर्मत तथा निर्माणका लागि छ जनाले रोजगारी पाएकामा पिसिसी ढलान गरेको बाटो ११६ मी सम्पन्न भएको छ। सामुदायिक वन क्षेत्रमा पोखरी निर्माण तथा मर्मतका लागि १२ ले रोजगारी पाएकामा पाँच ठाउँमा पोखरी निर्माण गरिएको छ। साराङमुखिया टोलदेखि मनेथानसम्म सिँढी बाटो निर्माणका लागि आठले रोजगारी पाएकामा पिसिसी ढलान गरेको बाटो १०१ मी सम्पन्न भएको छ।

ज्ञान्पा गाउँमा सिँढी बाटो निर्माणका लागि नौले रोजगारी पाएकामा पिसिसी ढलान गरेको बाटो ६४.९ मी सम्पन्न भएको छ। कमलाबारी तल्लो गाउँबाट माथिल्लो गाउँसम्म सिँढी बाटो निर्माणमा पाँचले रोजगारी पाएकामा ढुङ्गा छाप्ने काम ४४.५ मी सम्पन्न भएको छ । भुलभुले खानेपानी मर्मतका लागि सातले रोजगारी पाएकामा पाइप लाइन खन्ने काम ९१७ मी सम्पन्न भएको छ । डाँडाछाप च्याहनडाँडा पैदलमार्ग निर्माणका लागि नौले रोजगारी पाएकामा सुख्खा ढुङ्गा छाप्ने काम २७८.५ मी सम्पन्न भएको छ।

ग्याजाटार नागकुवा पँधेरादेखि खड्गमाई आमासमूह भवनसम्म सिँढी बाटो मर्मत तथा निर्माणका लागि छ ले रोजगारी पाएकामा पिसिसी ढलान गरेको बाटो १०१.५ मी सम्पन्न भएको छ । पडकेप पँधेरादेखि आलेचौरसम्म खानेपानी विस्तारका लागि आठले रोजगारी पाएकामा पाइप लाइन खन्ने काम ६५० मी सम्पन्न भएको छ । ढाडगाउँ पानी पँधेरा जाने गल्ली र पँधेरा निर्माणका लागि १२ मीले रोजगारी पाएकामा पिसिसी ढलान गरेको बाटो ९१.८ मी सम्पन्न भएको छ। लुङ्गेली सडक पक्की नालाका लागि १३ ले रोजगारी पाएकामा पक्की नाला १८.९ मी, कच्ची नाला ९०६ मी सम्पन्न भएको छ । खड्गमाई मन्दिर परिसरमा रहेको चौतारा मर्मतका लागि नौ ले रोजगारी पाएकामा ढुङ्गाको गारो ८५ घमि, ढुङ्गा छाप्ने काम २०० वर्गफिट सम्पन्न भएको छ। रानीवनदेखि बाहुन भञ्ज्याङसम्मको साइकल लेन मर्मतका लागि १६ ले रोजगारी पाएकामा २५५० मी काम सम्पन्न भएको छ। कोरिखा ढुङ्गा छाप्ने कामका लागि १४ ले रोजगारी पाएकामा बाटोमा सोलिङ र पिसिसी १२४ मी, बाटोमा ढुङ्गा छाप्ने काम १०९.५ मी सम्पन्न भएको छ। बाजुवाडाँडा डिगार्टु पैदलमार्ग मर्मत तथा निर्माणका लागि आठले रोजगारी पाएकामा बाटोमा सुख्खा ढुङ्गा छाप्ने काम २७५ मी सम्पन्न भएको छ । वडा नं ३ को वडा कार्यालयसम्मको बाटो तथा नाली मर्मतका लागि १५ ले रोजगारी पाएकामा कच्ची नाली खन्ने काम ८५ मी, बाटोमा ढुङ्गाको सोलिङ २५.५ मी र नाली सफा गर्ने काम ८५ मी सम्पन्न भएको छ।

वडा नं ६ को वडा कार्यालयसम्मको बाटो तथा नाली मर्मतका लागि २४ ले रोजगारी पाएकामा कच्ची नाली खन्ने काम ९९६ मी, नाली सफा गर्ने काम ११८० मी सम्पन्न भएको छ । बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने उद्देश्यसहित सरकारले यो कार्यक्रम सुरु गरेको थियो । यस कार्यक्रमअन्तर्गत१८देखि५९वर्षउमेर समूहका विपन्न बेरोजगार व्यक्तिले रोजगारी पाएका छन् । कार्यक्रमका लागि गाउँपालिकाभित्रका ३५८ प्राथमिकीकरण सूचीमा समावेश भएका छन्। वडामार्फत प्राप्त भएको बेरोजगार आवेदन र बेरोजगारको सूची कार्यपालिकाको बैठकबाट प्रमाणित गरिएको थियो।

यस कार्यक्रमबाट श्रमिकको ज्याला भुक्तानी गर्दा अनिवार्य बैंक खातामा भुक्तानी गर्नुपर्ने व्यवस्थाले विपन्न वर्गको पारिवारिक तहमासमेत वित्तीय साक्षरता अभिवृद्धि भएको रोजगार संयोजक गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रम सञ्चालनका क्रममा केही चुनौती आइपरेको थियो । गत आर्थिक वर्षमा कायम भएको बजेट, मापदण्ड तथा कार्यविधि परिवर्तन भई चालू आर्थिक वर्षमा आधार, कार्य प्रक्रिया नयाँ भएकाले कार्यान्वयनमा अस्पष्टता र जटिलता आएको थियो । "प्रधानमन्त्री रोजगार कार्यक्रम केबल सङ्घीय सरकारको मात्र कार्यक्रम हो भन्ने सोचले लक्ष्यअनुसारको प्रगति हुन सकेन", उहाँले भन्नुभयो।

# घारखोलाको बाँध र सुरुङ निर्माण अन्तिम चरणमा

पोखरापत्र संवाददाता
म्याग्दी, ३२ साउन

जिल्लाको अन्नपूर्ण गाउँपालिकामा सञ्चालित घारखोला जलविद्युत् आयोजनाको बाँध र सुरुङ निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। म्याग्दी हाइड्रोपावर लिमिटेड प्रर्वद्धक रहेको १४ मेगावाट क्षमताको घारखोलाको बाँध र सुरुङ निर्माणको काम ९५ प्रतिशत सकिएको हो।

विद्युत्गृह, पेनस्टक पाइप जडानलगायत पूर्वाधार निर्माणको काम पनि धमाधम भइरहेको छ। म्याग्दी हाइड्रोपावरका अधिकृत अनिल तिवारीले आगामी २०७९ असार महिनाभित्र विद्युत् उत्पादन गर्ने कार्ययोजनासहित निर्माण कार्यलाई तीव्रता दिइएको बताउनुभयो । "तीन हजार पाँच मिटर लामो सुरुङमध्ये हालसम्म दुई हजार ८५५ मिटर खनिसकिएको छ", उहाँले भन्नुभयो "दशैँअघि सुरुङको 'ब्रेक थ्रु' हुन्छ ।" अर्थुङस्थित नेपाली सेनाको शत्रुभञ्ज्याङ गुल्मअन्तर्गत घारस्थित बेस क्याम्पका सैनिकको निगरानीमा सुरुङ खन्न विस्फोटक पदार्थ प्रयोग गरिएको छ। सन् २०१८ जनवरीदेखि सुरु भएको आयोजनाको हालसम्म ७० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ । अन्नपूर्ण-५ शिख र ६ घारको सिमानामा पर्ने कुरिलाबगरमा जगदेखि १२ मिटर अग्लो बाँध र पानी थिग्र्याउने डिसेन्डर निर्माण भएको छ । डिसेन्डरदेखि सुरुङसम्म ३८.३ मिटर लामो डिसेण्डर एप्रोच क्यानल जडानको काम सकिएको छ । पोखरेबगरस्थित गोजेखोल्सीमा विद्युत्गृह बनाउन पहाड काटेर जग्गा तयार पारिएको छ। आउटलेटदेखि विद्युत्गृहसम्म ४९० मिटर पेनस्टक पाइपमध्ये करिब ७० मिटर पाइप जडान भइसकेको छ । घारखोलाको सिभिल ठेकेदार साउथ एशियन इन्फ्रास्ट्रक्चर प्रालि हो । इलेक्ट्रिकल ठेकेदार सिमर इनर्जी प्रालि र हाइड्रोमेकानिकल ठेकेदार सिई हाइड्रोमेकानिकल वर्क प्रालि रहेका छन् । सिभल ठेकेदारका दैनिक १५० जनाको हाराहारीमा मजदुरले काम गरिरहेका छन् । कोरोनाका कारण बाहिरबाट मजदुर ल्याउन समस्या भए पनि उपलब्ध मजदुरलाई परिचालन गरिएको हो। भौगोलिक विकटता, कोरोनाको जोखिम, निषेधाज्ञा र पहिरोको असहज अवस्थाका बीच पनि आयोजनालाई निरन्तरता दिइएको आवासीय इञ्जिनीयर जोसेब बज्राचार्यले बताउनुभयो।

पोखरेबगरदेखि २२० केभी क्षमताको दाना सवस्टेशनसम्म साढे सात किलोमिटर प्रसारण लाइन निर्माण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन भइसकेको छ। यो आयोजनाको अनुमानित कूल लागत रु दुई अरब ४१ करोड ५८ लाख २५ हजार हो। अन्नपूर्ण-४ नारच्याङमा ४२ मेगावाट क्षमताको म्रिस्तीखोला र पाँच मेगावाट क्षमताको घलेम्दी जलविद्युत् आयोजनाले विद्युत् उत्पादन सुरु गरेको छन् । एक सय १० मेगावाट क्षमताको नीलगिरि र निलगिरी क्यासकेट जलविद्युत् आयोजना निर्माण पनि धमाधम भइरहेको छ। छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजनाले बैंसी गाउँदेखि लेकगाउँ हुँदै बाँधतर्फ पहुँचमार्ग निर्माण गरिसकेको छ।

कालीगण्डकी र आसपासका नदीमा सञ्चालित आयोजनामा उत्पादन हुने विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्ने नेपाल विद्युत् प्राधिकरणले अन्नपूर्ण-३ दानामा २२० केभी क्षमताको सवस्टेशन र त्यहाँदेखि खुर्कोट जोड्ने ३९ किलोमिटर दूरीको प्रसारण लाइन निर्माण भएपछि जलविद्युत् आयोजना निर्माणले गति लिएका छन्।

# धौलागिरि अस्पतालमा डायलासिस सेवा विस्तार

पोखरापत्र संवाददाता
बागलुङ, ३२ साउन

धौलागिरि अस्पतालले प्रदान गर्दै आएको डायलासिस सेवा विस्तार गरिएको छ। यसका लागि गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दुई थान डायलासिस मेसिन (डाइलोजर) अस्पताललाई पठाएको थियो । चार शय्यामा सञ्चालमा आएको सो सेवा अब छ शय्यामा प्रदान गरिने छ । अस्पतालमा डाइलासिस गर्ने बिरामीको चाप उच्च भएपछि सेवा थप गरिएको धौलागिरि अस्पतालले जनाएको छ।

डाइलासिस सञ्चालनका लागि जनशक्तिको अभाव भइरहेको अस्पताल व्यवस्थापन समितिका सदस्य शालिकराम शर्माले जानकारी दिनुभयो । "गण्डकी प्रदेश सरकालाई हामीले मन्त्रालयमै पुगेर अस्पतालको समस्या र तत्काल आवश्यक उपकरण पठाउन आग्रह गरेका थियौं, स्वास्थ्य मन्त्रालयले दुई डायलासिस मेसिन पठाएको छ", उहाँले भन्नुभयो, "अस्पतालका अनुगमनमा आउनुभएको मन्त्री मधुमाया अधिकारीले डायलासिस कक्षका क्षमता बढाउने औजार उपकरण पठाउने आश्वासन दिनुभएको छ।"

विसं २०७५ वैशाखबाट अस्पतालमा सुरु भएको अस्पतालको डायलासिस कक्ष विस्तार नहुँदा १८ जनासम्म बिरामीले पालो कुर्नुपरेको अवस्था थियो।

यसलाई सम्बोधन गर्न उपकरण थप भएको र बिरामीलाई राहत मिलेको स्वास्थ्यकर्मी दिपिका गौतमले जानकारी दिनुभयो। "डायलासिस कक्षका लागि छुट्टै जनशक्ति नहुँदा केही समस्या छ, आवश्यक पर्दा अन्य मेडिकल डाक्टर सहयोग गर्न आउनुहुन्छ", उहाँले भन्नुभयो, "अहिले नियमितरुपमा १८ बिरामीले नियमित सेवा पाइरहेका छन्, कसैको हप्तामा दुईपटक र कसैको तीन पटकसम्म बिरामीको अवस्था हेरेर डायलासिस गर्नुपर्ने हुन्छ।" चार शय्याको डाइलासिस कक्ष हुँदा दैनिक आठ जनाले डायलासिस गर्दै आएकामा अब न्यूनतम १५ ले दैनिक सेवा लिनसक्ने जनाइएको छ । अस्पतालमा डायलासिस हुँदा आफूलाई निकै सहज भएको पर्वत जलजला गाउँपालिकाका दिलबहादुर खत्री बताउनुभयो । दुवै मिर्गौला फेल भएपछि प्रत्यारोपण नगरुञ्जेल बिरामीलाई नियमित डायलासिस गर्न आवश्यक हुन्छ। आर्थिक हैसियत भएका बिरामीले आफूलाई मिल्ने मिर्गौला प्रत्यारोपण गर्ने भए पनि प्रत्यारोपण गर्न नसक्नेले जीवनभर नियमित डायलासिस गर्नुपर्ने जनाइएको छ।

# घारखोलाको बाँध र सुरुङ निर्माण अन्तिम चरणमा

**रासस**
**म्याग्दी, ३२ साउन**

जिल्लाको अन्नपूर्ण गाउँपालिकामा सञ्चालित घारखोला जलविद्युत् आयोजनाको बाँध र सुरुङ निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । म्याग्दी हाइड्रोपावर लिमिटेड प्रर्वद्धक रहेको १४ मेगावाट क्षमताको घारखोलाको बाँध र सुरुङ निर्माणको काम ९५ प्रतिशत सकिएको हो।

विद्युत्गृह, पेनस्टक पाइप जडानलगायत पूर्वाधार निर्माणको काम पनि धमाधम भइरहेको छ। म्याग्दी हाइड्रोपावरका अधिकृत अनिल तिवारीले आगामी २०७९ असार महिनाभित्र विद्युत् उत्पादन गर्ने कार्ययोजनासहित निर्माण कार्यलाई तीव्रता दिइएको बताउनुभयो। "तीन हजार पाँच मिटर लामो सुरुङमध्ये हालसम्म दुई हजार ८५५ मिटर खनिसकिएको छ", उहाँले भन्नुभयो "दशैँअघि सुरुङको 'ब्रेक थ्रु' हुन्छ।" अर्थुङेस्थित नेपाली सेनाको शत्रुभञ्ज्याङ गुल्मअन्तर्गत घारस्थित बेस क्याम्पका सैनिकको निगरानीमा सुरुङ खन्न विस्फोटक पदार्थ प्रयोग गरिएको छ । सन् २०१८ जनवरीदेखि सुरु भएको आयोजनाको हालसम्म ७० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ। अन्नपूर्ण-५ शिख र ६ घारको सिमानामा पर्ने कुरिलाबगरमा जगदेखि १२ मिटर अग्लो बाँध र पानी थिग्र्याउने डिसेन्डर निर्माण भएको छ। डिसेन्डरदेखि सुरुङसम्म ३८.३ मिटर लामो डिसेण्डर एप्रोच क्यानल जडानको काम सकिएको छ। पोखरेबगरस्थित गोजेखोल्सीमा विद्युत्गृह बनाउन पहाड काटेर जग्गा तयार पारिएको छ। आउटलेटदेखि विद्युत्गृहसम्म ४९० मिटर पेनस्टक पाइपमध्ये करिब ७० मिटर पाइप जडान भइसकेको छ। घारखोलाको सिभिल ठेकेदार साउथ एशियन इन्फ्रास्ट्रक्चर प्रालि हो। इलेक्ट्रिकल ठेकेदार सिमर इनर्जी प्रालि र हाइड्रोमेकानिकल ठेकेदार सिई हाइड्रोमेकानिकल वर्क प्रालि रहेका छन्। सिभल ठेकेदारका दैनिक १५० जनाको हाराहारीमा मजदुरले काम गरिरहेका छन् । कोरोनाका कारण बाहिरबाट मजदुर ल्याउन समस्या भए पनि उपलब्ध मजदुरलाई परिचालन गरिएको हो। भौगोलिक विकटता, कोरोनाको जोखिम, निषेधाज्ञा र पहिरोको असहज अवस्थाका बीच पनि आयोजनालाई निरन्तरता दिइएको आवासीय इञ्जिनीयर जोसेब बज्राचार्यले बताउनुभयो।

पोखरेबगरदेखि २२० केभी क्षमताको दाना सवस्टेशनसम्म साढे सात किलोमिटर प्रसारण लाइन निर्माण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन भइसकेको छ । यो आयोजनाको अनुमानित कूल लागत रु दुई अरब ४१ करोड ५८ लाख २५ हजार हो। अन्नपूर्ण-४ नारच्याङमा ४२ मेगावाट क्षमताको मिस्तीखोला र पाँच मेगावाट क्षमताको घलेम्दी जलविद्युत् आयोजनाले विद्युत् उत्पादन सुरु गरेको छन् । एक सय १० मेगावाट क्षमताको नीलगिरि र निलगिरी क्यासकेट जलविद्युत् आयोजना निर्माण पनि धमाधम भइरहेको छ। छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजनाले बैँसी गाउँदेखि लेकगाउँ हुँदै बाँधतर्फ पहुँचमार्ग निर्माण गरिसकेको छ।

कालीगण्डकी र आसपासका नदीमा सञ्चालित आयोजनामा उत्पादन हुने विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्ने नेपाल विद्युत् प्राधिकरणले अन्नपूर्ण-३ दानामा २२० केभी क्षमताको सवस्टेशन र त्यहाँदेखि खुर्कोट जोड्ने ३९ किलोमिटर दूरीको प्रसारण लाइन निर्माण भएपछि जलविद्युत् आयोजना निर्माणले गति लिएका छन्।

# लायन्स क्लबद्धार मन्दिर परिषरमा वृक्षारोपण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ साउन**

पोखरा महानगर पालिका वडा नं. २५ वास्तोला कुल मन्दिर परिषरमा सोमबार वृक्षारोपण गरिएको छ।

लायन्स क्लब अफ पोखरा लालिगुरास, लायन्स क्लब अफ पोखरा नर्थ र लायन्स क्लब अफ पोखरा सेतोगुरासको आयोजनामा मन्दिर परिषरमा वृक्षारोपण कार्यक्रम गरिएको हो । मन्दिर परिषरमा वेलपत्र, अमला, तेजपत्ता, हर्रो वर्रो, कल्की फूल, कपुर, चाप पैयू, अम्बा, अनारका विरुवा रोपिएको लायन्स क्लब अफ पोखरा लालिगुरासका अध्यक्ष कपिलदेव शर्माले जानकारी दिनुभयो । कार्यक्रममा बोल्दै रिजन चेयरपर्सन जिवन गोर्खालीले रोपेका विरुवाको संरक्षण भएमा मात्रै लक्ष्य प्राप्त हुने बताउनुभयो । जोन चेयरपर्सन केशवशरण पौडेलले वातवरण स्वच्छ र हरियाली बनाउने काम वृक्षरोपणले गर्ने बताउनुभयो । वास्तोला कुल सेवा समितिका अध्यक्ष राजेन्द्रप्रसाद वास्तोलाले रोपेको विरुवाको संरक्षण गर्न समिति सधै लागि पर्ने विश्वास दिलाउनुभयो। लायन्स क्लब अफ पोखरा लालिगुरासका अध्यक्ष कपिलदेव शर्माको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष मिनराज तिमिल्सिना, लायन्स क्लब अफ पोखरा नर्थका अध्यक्ष विजयराज तिमिल्सिना, लायन्स क्लब अफ पोखरा सेतोगुरासका अध्यक्ष वसन्तराज बास्तोला, प्रथम उपाध्यक्ष परशुराम अधिकारी, द्धितीय उपाध्यक्ष विकास पुडासैनीले बोल्नु भएको थियो।



# म्याग्दीको पानी उड्ने झरना

**–ध्रुवसागर शर्मा**
**म्याग्दी, ३२ साउन**

पुछारमा कलकल बगेको म्याग्दी नदी। नदीको नटमा लमतन्नै परेको खेतको फाँट। परम्परागत र आधुनिक शैलीका घरले चिटिक्क सिँगारिएको बगरफाँट गाउँ। गाउँको सिरानमा घना जङ्गल। जङ्गलको माथिपट्टि विशाल भिर । त्यही भिरको मुख्य पहाड काटिएर अङ्ग्रेजी अक्षर भी आकारमा माथिदेखि तल फैलँदै अर्धसोली आकारमा झरेको पानी उड्ने उडाइनो झरना हिजोआज धेरैको आकर्षणको केन्द्र बन्दै गइरहेको छ।

म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटमा पर्ने यो झरना अवलोकनका लागि यहाँ आन्तरिक पर्यटकको आवागमन बढ्दै जान थालेपछि झरनाको चर्चा पनि व्यापक बन्दै गएको छ।

म्याग्दीको सदरमुकाम बेनीबजारको म्याग्दी पुल तरेर पश्चिम हाँडेभिर सुर्केमेला बरंजा सडकखण्डतर्फ लाग्दा बगरफाँटमा रमणीय धानका हरिया फाँट कटेपछि उडाइनो झरनामा पुग्न सकिन्छ। म्याग्दी खोलाको काखमा सुन्दर शान्त बगरफाँट बस्ती र शिरमा झर्ने विभिन्न झरनाहरु हेर्दै करिब दुई किलोमिटरको यात्रापछि पुगिन्छ कोप्रे र उडाइनो झरनामा । करिब २०० मिटर उचाई रहेको कोप्रे छहरा र २५० मिटर उचाइ रहेको उडाइनो झरना मुख्य सडकको १०० मिटर दक्षिणी भागमा अवस्थित छ।

यहाँ दैनिक करिब १०० देखि २०० सम्म युवायुवती पुग्ने गर्दछन्। यहाँ दुई वटा झरना रहेका छन्। एउटा कोप्रे र अर्को उडाइनो झरना। यी दुवै भरना युवायुवतीका लागि खुशीका अनमोल खजाना बनेका छन् । कोरोनाको त्रासबाट आजित भएका युवायुवती आए आएर रमाइलो गर्दै दिन बिताउने गरेका बेनी नगरपालिका-३ का वडा सदस्य गेमबहादुर घर्तीमगरले बताउनुभयो।

बेनी नगरपालिका- २ बगरफाँटमा पर्ने उडाइनो झरना र बेनी नगरपालिका- ३ भकिम्लीको दूधेखोलामा पर्ने कोप्रो झरना दुवै वडाका आकर्षक झरना हुन् । बेनपा- ३ भकिम्लीको तोराखेतबाट झर्ने उडाइनो झरना र कोप्रे झरना पानीको स्थायी स्रोत नहुँदा हिउँदमा सुक्ने र बर्खामा बग्ने गर्दछन्। पूर्वाधार विकास र प्रचारप्रसार गर्नसके आकर्षक पर्यटकीय गन्तव्यस्थलका रुपमा विकसित हुँदै गरेको लभहिल, टोड्के, भकिम्लीको स्वर्गाश्रम जस्तै अर्को पर्यटकीय गन्तव्य बन्नसक्ने स्थानीयको भनाइ छ।

आन्तरिक र बाह्य पर्यटकका लागि आकर्षक गन्तव्य बन्ने सम्भावना भएको झरना करिब २५० मिटर अग्लो छ। झरना सदरमुकाम बेनीबजारदेखि करिब ४५ मिनेटको दूरी र बेनी-बगरफाँट-वरंजा सडकअन्तर्गत बगरफाँट गाउँबाट एक हजार मिटर दक्षिणमा पर्दछ । बेनपा- ३ भकिम्लीको तोराखेतबाट झर्ने सो झरना पानीको स्थायी स्रोत नहुँदा हिउँदमा भने सुक्छ। पूर्वाधार विकास र प्रचारप्रसार गर्नसके आकर्षक पर्यटकीय गन्तव्यस्थलका रुपमा विकसित हुँदै गरेको लभहिल, टोड्के, भकिम्लीको स्वर्गद्वारी आश्रम जस्तै अर्को पर्यटकीय गन्तव्य बन्नसक्ने स्थानीयको भनाइ छ । म्याग्दीका बुद्धिजीवी एवं इतिहासका अध्येता चन्द्रप्रकाश बानियाँले म्याग्दी नदीको पानी लिफ्ट गरेर भएपनि झरनालाई निरन्तरता दिनुपर्ने बताउनुहुन्छ। सो झरनाका कारण सदरमुकाम बेनी र बगरफाँटको मात्रै नभई पुलस्त्य डाँडो, ढोलठाना, मल्लाज, गाजने र टोड्केकोसमेत प्राकृतिक सुन्दरतामा आकर्षण थपिने उहाँको भनाइ छ । रमणीय जङ्गलका बीचमा रहेको झरना वरिपरि जङ्गली जनावर र पुशपक्षीको बासस्थानसमेत छ। प्राकृतिकस्वरुप नबिग्रने गरी सुविधायुक्त पर्यटकीय पूर्वाधार व्यवस्थापनका लागि योजना बनाएर यसको विकासमा लाग्न स्थानीयले नगरपालिकासँग माग गरेका छन् । अन्य दिनभन्दा छुट्टिका दिनमा यहाँ घुम्न आउनेको सङ्ख्या बढी हुने गरेको पाइएको छ भने किशोरकिशोरी र युवा समूहले बढी अवलोकन गर्ने गरेका स्थानीयवासीको भनाइ रहेको छ । यी दुई झरना पर्यटकीयस्थल लब्ली हिलपछिको दोस्रो बढी तस्वीर खिचिने स्थान भएको बेनीबाट झरनामा घुम्न आएका छवि आचार्यले बताउनुभयो।

पैदल वा सवारी दुवैको प्रयोग गरी पुग्न सकिने यस छहरालाई व्यवस्थित गरी प्रचारप्रसार गर्न सकिएमा म्याग्दीको पर्यटनमा थप ईँटा थपिने उहाँको भनाइ छ। यहाँ पर्यटकीय पूर्वाधाराको विकास गर्ने हो भने भकिम्ली बेलढुङ्गा तथा मङ्गला गाउँपालिकाको झाँक्रीपानीसम्म पुग्ने आन्तरिक पर्यटको सङ्ख्यामा वृद्धि हुने यहाँ पुग्ने युवाले बताएका छन्।

रमणीय जङ्गलका बीचमा रहेको झरना वरिपरि जङ्गली जनावर र पुशपक्षीको बासस्थानसमेत छ। प्राकृतिकस्वरुप नबिग्रने गरी सुविधायुक्त पर्यटकीय पूर्वाधार व्यवस्थापनका लागि योजना बनाउनुपर्ने स्थानीयको माग रहेको छ।

# सार्दीखोलामा नेलम्बोको स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ साउन**

पोखरा-४, गैह्रापाटन स्थित नेलम्बो नेपालले माछापुच्छ्रे गाउँपालिका-२, सार्दीखोलामा १ हप्ते निःशुल्क मुख तथा दन्त शिविर आइतवार सम्पन्न गरेको छ।

समापन समारोहमा भनाई राख्दै गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले नेलम्बोले पालिकाका हरेक क्रियाकलापमा साथ दिँदै आएको उल्लेख गर्दै उक्त संस्था पालिकावासीमा ब्राण्ड बनेको बताउनुभयो । वडाध्यक्ष विक्रम गुरुङले आफ्नो वडालाई लक्षित गरी कार्यक्रम राखेकोमा नेलम्बोप्रति आभार प्रकट गर्दै त्यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो। माछापुच्छ्रे-६, धितालका वडाध्यक्ष हरीशचन्द्र ढुङ्गानाले गाउँपालिका क्षेत्रमा नेलम्बोका गतिविधि उदाहरणीय बन्दै आएको चर्चा गर्दै अब शिक्षाको क्षेत्रमा पनि नयाँ योजनाका साथ अगाडि बढ्नुपर्ने जनाउनुभयो।

संस्थाका अध्यक्ष एकदेव देवकोटाले महामारीलाई अवसरका रुपमा सिर्जना गरी संस्थाले कार्य गरिरहेको स्पष्ट पार्नुभयो ।माछापुच्छे माविका प्रधानाध्यापक सन्तोष आचार्यले शिविरबाट विद्यार्थी, शिक्षक तथा अभिभावक पनि लाभान्वित भएको उल्लेख गर्नुभयो।

उक्त शिविरबाट कुल तिन सय १७ जना लाभान्वित भएका छन् । शिविरमा डेन्टल सर्जन डा. केसीको नेतृत्वमा डेन्टल हाइजेनिष्टद्वय स्नेहा खड्का र सुम्मी बुढामगर, जनसम्पर्क अधिकृत भीमप्रसाद भण्डारी, क्लिनिकल सर्पोटर विजय बलम्पाक्की मगर, प्राविधिक रवि गुरुङ लगायत खटिनु भएको थियो।



# दुवै मृगौंला फेल भएका शिक्षक तामाङ्लाई भूतपूर्व विद्यार्थीहरुको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ साउन**

दुवै मृगौला फेल भएर बिरामी परेका आफ्ना गुरुलाई हिमाञ्चल बोर्डिङ् स्कूल (२०६२ साल ब्याज) का भुतपुर्व विद्यार्थीहरुले आर्थिक सहायता प्रदान गरेका छन् । उक्त स्कुलमा अंग्रेजी विषयको शिक्षण गरिरहेका कुसल शिक्षक बुद्धि बहादुर तामाङ हाल दुवै मृगौला फेल भएपछि उपचारमा छन्।

आर्थिक रुपमा पारिवारिक अवस्था कमजोर रहेका उनलाई थप उपचारका लागि समस्या भैरहेको छ । आफ्ना गुरु गम्भिर रोगले पीडित बनेको र उपचारमा समस्या भएपछि स्कुलका भुतपुर्व विद्यार्थीहरुले "असल व्यक्तित्व निर्माणमा अतुलनिय योगदान गर्ने एक असल शिक्षकको जिवन बचाऔँ" भन्ने अभियानको सुरुवात गरिएको बताएका छन्।

उनिहरुले २०६२ सालका ब्याचका विद्यार्थीहरुले उनलाई नगद रु.२,७२,५७४।- सहयोग स्वरुप हस्तान्तरण गरिएको संयोजक अनन्त प्रधानाङ्ग जनाए। उनका अनुसार स्कुलका प्रिन्सिपल दिलबहादुर गुरुङ, पूर्व शिक्षक वेदप्रसाद शर्मा, तथा विद्यार्थी दिपा गुरुङ, दिनेश के.सी, जिवन आचार्य, रश्मी गुरुङ, प्रबेश शेरचन, सरिना गुरूङ, सम्झना गौतम, सिता तिमिल्सीना, रवि दकाल, रश्ना ढकाल, रोमन गुरुङ, प्रतिभा गुरुङ, सुमित गुरुङ, प्रताप गुरुङ, उपेन्द्र पुर्जा, अनन्त प्रधानाङ्ग , सुनिता थापा, सविना शर्मा, सोमनाथ भण्डारी, शर्मिला बस्नेत, विश्वास पुन, अन्जना गौतम, अपेक्षा गुरुङ, अनुप गुरुङ, विनोद भट्टराई, समिक्षा भट्टराई, विक्रम गुरुङं, कुशुम गुरुङ, महेश गुरूङ, प्रमिला थापा, माधव थापा, सुजन पराजूली, काजु थापा लगायतबाट सहयोग संकलन गरिएको थियो।

साथै उनिहरुले शिक्षक तामाङ्को स्वास्थ्य लाभको कामना सहित भुतपुर्व विद्यार्थीहरुलाई सहायतका लागि अजिल समेत गरेका छन्। तामाङ् मृगौंला प्रत्यारोपणको प्रतिक्षामा रहेका छन्।



# जनशक्तिको अभाव झेल्दै प्रहरी

**पोखरापत्र संवाददाता**
**बलेवा, ३२ साउन**

जिल्लाको शान्तिसुरक्षा र अपराध नियन्त्रणमा खटिने प्रहरी यतिबेला कोरोना नियन्त्रणका लागि खटिएको छ । सम्भावित बिरामीको पिसिआर गराउन होस् वा निषेधाज्ञा कार्यान्वयन गराउन प्रहरी सडकदेखि सर्वसाधारणको घरसम्म छ । गाउँदेखि शहरमा पिसिआरको आवश्यकता स्वास्थ्यकर्मीले औँल्याउँदा अटेरी गर्नेलाई प्रहरी पुगेर स्वाब सङ्कलन गर्ने केन्द्रसम्म पुऱ्याउनुपर्छ।

होम आइसोलेशनमा बसेका सङ्क्रमित खुलेयाम सडकमा हिँड्दा प्रहरीले नै अस्पताल पुऱ्याउँछ। नियमित शान्तिसुरक्षा, ट्राफिक, अपराध नियन्त्रण र अनुसन्धानका काम पनि रोकिएका छैनन्। बिरामीको जाँच, खोजपड्लात र उपचारको काम स्वास्थ्यकर्मीको हो तर कोरोना नियन्त्रणका लागि प्रहरीको भूमिका पनि उत्तिकै छ।

शान्तिसुरक्षा, अपराध नियन्त्रण र अनुसन्धानको काममा मौजुदा जनशक्तिको अधिकतम प्रयोग गरेको प्रहरीले महामारी नियन्त्रणका समयमा भने जनशक्तिको अभाव महसुस गरेको छ। दरबन्दीअनुसारको जनशक्ति पदपूर्ति नहुँदा प्रहरीलाई कठिन भएको हो। "जिल्लामै प्रहरीको सङ्ख्या कम छ, चौकी, इलाका र पोष्टमा चाहिनेजति खटाउन सकिएको छैन्", प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लीमगर भन्नुहुन्छ, "दरबन्दी खाली छन्, जनघनत्व भएका ठाउँमा जनशक्तिले पुग्दैन् ।" ५८७ जनाको दरबन्दी रहेको बागलुङमा ३१४ जना मात्रै छन्। प्रहरी उपरीक्षक, प्रहरी अधिकृतदेखि जवानसम्मका अधिकांश पद खाली छन्। २६ प्रहरी नायब निरीक्षकको दरबन्दी रहेको जिल्लामा ११ मात्रै छन्। ६२ प्रहरी सहायक निरीक्षकको दरबन्दीमा ३२ ले काम चालउनुपरेको उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो "प्रहरी अधिकृत हुनुहुन्छ समस्या छैन, जसलाई धेरै खटाउनुपर्ने हो उहाँहरुकै दरबन्दी खाली छ।" जिल्लामा रहेको मौजुदा जनशक्ति अवकाश पाउँदा १०१ को दरबन्दी नै खाली छ । सरुवा भएर आउने पनि काजमा बस्दा जनशक्तिको कमी भएको कार्यालयको तथ्याङ्क छ। यहाँको दरबन्दीमा कामकाज गर्न अन्तै बस्नेमध्ये धेरै जना पोखरामा छन् । मन्त्रालय, मन्त्री निवास, भिआइपीको सुरक्षा र सरकारी विभिन्न निकायमा काजमा बस्ने धेरै रहेको प्रउपल्लीमगरले बताउनुभयो । "पोष्टिङ यहाँ हुन्छ तर काज मिलाएर सुगममा बस्ने धेरै हुँदा समस्या भयो", उहाँले भन्नुभयो, "दरबन्दीमा नयाँ नियुक्ति नहुँदा काममा सास्ती खेप्नुपरेको छ ।" २९ को दरबन्दी हुने इलाका प्रहरी कार्यालय बलेवा आठ का भरमा चलेको छ। यो एउटा उदाहरण मात्रै हो। बागलुङमा 'क' वर्गका इलाका प्रहरी ३, 'ख' वर्गका इलाका प्रहरी कार्यालय चार र १४ वटा प्रहरी चौकी छन्। तीन वटा प्रहरी चौकी खुल्न बाँकी छन्।

सबै इलाका तथा चौकीमा जनशक्तिको अभाव छ। "हरेक ठाउँमा प्रहरी चाहिन्छ, काममा खप्टाएर काम गर्नुपरेको छ", उहाँ भन्नुहुन्छ, "हाम्रो सुविधा भनेकै बिदा हो, भनेका बेला बिदा पठाउन नपाउँदा नमज्जा लाग्छ।" जिल्लाका लागि पोष्टिङ भएर आउने जनशक्ति समयमा पठाउनुपर्ने उहाँको भनाइ छ।

# शुक्लागण्डकी नगरपालिकाद्धारा अत्यावश्यकबाहेकका सबै सेवा बन्द

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३२ साउन**

शुक्लागण्डकी नगरपालिकाले कोरोना भाइरस सङ्क्रमणको उच्च जोखिमलाई ध्यानमा राखेर त्यसको न्यूनीकरणका लागि अत्यावश्यकबाहेकका सबै सेवा चार दिनका लागि बन्द गरेको छ।

नयाँ भेरियन्टसहितको कोरोना सङ्क्रमण बढ्दै गएकाले त्यसको न्यूनीकरणका लागि भदौं १ देखि ४ गतेसम्म नगरपालिका र वडाभित्रका अत्यावश्यकबाहेकका सबै सेवा बन्द गरिएको नगरपालिकाका प्रवक्ता खिमबहादुर कुमालले जानकारीदिनुभयो। शुक्लागण्डकी नगरपालिका कार्यालयमा कार्यरत केही कर्मचारीहरूमा कोरोना सङ्क्रमण पुष्टि भइसकेकाले अन्य कर्मचारीको सङ्क्रमण परीक्षण गर्नुपर्ने भएकाले बन्द गरिएको प्रवक्ता कुमालले बताउनुभयो।

# दुग्ध उत्पादन बढाउन भैँसीपालक किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
**गोरखा, ३२ साउन**

पालुङटार नगरपालिका क्षेत्रभित्र दूध उत्पादन बढाउन पाँच भैँसीपालक किसान समूहलाई आर्थिक अनुदान सहयोग उपलब्ध गराइएको छ।

मध्यपहाडी लोकमार्ग दुग्ध उत्पादन कार्यक्रमअन्तर्गत नगरपालिकाभित्रका छनोटमा परेका समूहका ४८ किसानलाई रु १५ लाख ६० हजार अनुदान उपलब्ध गराइएको नगरपालिकाका पशु शाखाका प्रमुख रामप्रसाद देवकोटाले जानकारी दिनुभयो।

"सबै किसानले गोठमा भैँसी ल्याएपछि प्रत्येकलाई खरिदबापत रु ३० हजार तथा ढुवानीबापत रु दुई हजार ५०० अनुदान रकम उपलब्ध गराइएको हो", उहाँले भन्नुभयो, "सङ्घीय सरकारको सर्शत् कार्यक्रम भएकाले नगरपालिकाले पनि साझेदारी कार्यक्रमअन्तर्गत दुई प्रतिशत सहुलियत ब्याजदरमा प्रत्येक किसानलाई रु ५० हजार ऋण सहयोग उपलब्ध गराएको छ ।" नगरपालिका क्षेत्रमा दूधको माग बढी हुने गरेको भए पनि व्यावसायिक रुपमा उत्पादनमा लाग्ने किसान न्यून भएकाले प्रोत्साहनका लागि अनुदान कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो।